# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मितिः २०७३।०४।३२ गते

# प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

---

बाँके जिल्ला कटकुईया गा.वि.स. का तत्कालिन गा.वि.स. सचिव हृदय नारायण मिश्रले मृत्यु भैसकेका व्यक्तिको नाममा किर्ते भर्पाई तयार गरी सामाजिक सुरक्षा भत्ता निकाली भ्रष्टाचार गरेकोले छानविन गरि पाउँ भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान तथा छानविन हुदा निज हृदय नारायण मिश्रले २०६५/०४/०१ देखि २०६६/११/३० सम्म कटकुईया गा.वि.स.को गा.वि.स. सचिव पदमा कार्यरत रहँदा जिल्ला विकास समितीको कार्यालय, बाँकेवाट निकासा प्राप्त भएको रु.४४,८००।- (चौवालीस हजार आठ सय) सामाजिक सुरक्षा भत्ता वापतको रकम वितरण गर्दा नेपाल सरकारको सम्पत्ति वदनियतसाथ हानी नोक्सानी गरेको देखिदा निज हृदय नारायण मिश्रले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएको हुँदा निज गा.वि.स. सचिव हृदय नारायण मिश्रलाई बिगो रु.४४,८००।- कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (ख) बमोजिम दण्ड सजाय हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम नेपाल सरकारको हानी नोक्सानी भएको एवं मासेको विगो रु.४४,८००।- असुलउपर हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(गणेशराज कार्की)<br>
सहसचिव एवं प्रवक्ता